

चक्रमाळे नि
सोम राज नि. सोलुसल्यान्ड
केळ्यानी
२०२५/१२/२.

V 5.2 - 3608

३७६ गोविन्द प्रसाद

श्रीः

हरिहरस्तुति

नं० २१४५ मू० १।-

भगवतान्तर्गत गजेन्द्र स्तुतिको र शिवापराध क्षमापन स्तोत्रको श्लोकबद्ध भाषानुवाद-

लेखक-
कृष्णप्रसाद रेग्मी,
गौरीघाट श्री गुह्येश्वरी पारी

प्रकाशक-
मि. पु. गोविन्दप्रसाद, दुङ्गाना
बौद्ध महाकाल,

मुद्रक-जोरगणेश छापाखाना
२००६ साल

गजेन्द्र-दुःख हारि श्रीहरि भगवान्

ब.प.२८ नं० ५१४५ मू० रु १।-

श्रीः

श्रीमते रामानुजाय नमः

हर्ष

श्री भगवच्छरणागति रहस्यले भरीयेको यो श्रीमद्भागवतको गजेन्द्र स्तुतिको भावार्थको अनुवाद गरी सर्वेश्वरत्व सर्वरक्षकत्व आदिगुण श्रीपति भगवानमा मात्रछ भन्ने कुराको यथार्थ भावझल्काइ ईपं. कृष्णप्रसाद रेग्मीले भाषा श्लोक बनाए छन्. यस्मा कविताको शैलीको शोभा विशेषको चमत्कार नभएपनि श्री भगवानको भक्ति रसले पूर्णभएको हुनाले हेर्दा हर्ष ले गद्गद भै मैले भने।

रहेछौं तात ! जन्मेका लियौसत शास्त्रको वाटो ॥
कृपा श्री श्यामको पायौ हट्यो अज्ञानको टाटो ॥
अहो दुर्मार्ग जञ्जाल चुडाली फालि दुर्भाव ॥
उपायान्तर्सवै छोडी लियौ सद्भक्तको भाव ॥

यसप्रकारका यो कविताको सरहना गर्दा इनका हृदयनिवासी हरिले इनलाई अरुपनि भागवत सम्बन्धी कविताहरु बनाउने काममा समेत प्रेरणा गर्नु भएको भाव इनका मुखबाट निस्क्यो. यसले मलाई झन हर्ष लाग्यो. इनले यो आफ्नो बुद्धि अनुसार बनाएका हुन्, गुणग्राही सज्जनहरुले दोषलाई त्यागी प्रेमले पाठगर्नु भए लाभहुनेछ भनी सहर्ष निवेदन गर्ने।

श्री वैष्णव पं. गोपी चन्द्र वागले

[

श्री

भूमिका

श्री पूज्य मि. सु. गोविन्दप्रसाद दुङ्गाना की छोरी नानी सुलोचना–

यो भागवतान्तर्गत गजेन्द्र स्तुति र शिवापराध क्षमापन स्तोत्रहरु वहाँको आग्रहले र करुणाले गर्दा इच्छाहुने भक्त जनहरुमा निः शुल्क दृष्टिगोचर गराउन पाउँदा आत्मालाई कृत कृत्य संझेकोछु यस्मा गुरुले पनि हेरी अनुमति दिनु भएकोले सारै खुसीछु. सर्वान्तरात्मा भगवान सबैको मनमा उदावस ।

हरिः ॐतत्सत्

कार्तिक शुक्ल वैकुण्ठ चतुर्दशी

कृष्णप्रसाद रेग्मी गौरीघाट श्रीगुह्येश्वरी पारी

तपन्तु तापैः प्रपतन्तु पर्वता दटन्तु तीर्था निपठन्तु चागमान्॥
यजन्तु यागैर्विवदन्तु वादैर्हरिं विनानै वमृतंतरन्ति ॥

श्रीधरस्वामी

उत्साह

आजन्म श्रद्धा र भक्तिको घमण्डले गर्दा यसको पक्ष पातीहुन करै लाग्यो । यो मैले समग्र हेर्दै । श्री मद्भागवतको परिवर्तित भावात्मक गजेन्द्र स्तुतिको असर सबैमा पाएर साहित्यिक प्रभातमा उदीयमान नवयुवक, कवि कृष्ण प्रसादको आत्मालाई प्रफुल्ल गर्ला भन्ने आशाछ ।

विज्ञानलाई मात्र अपनाउनेको निमित त अर्कैकुरा हो । तर वास्तविक तत्व बुझनेको लागी त गलाको हारमा कम हुने छैन ।

प्रगतिशील युगको विकासमा पनि एक एक जना यस्ता धार्मिक वर्ग नहुँदा हुनत ईश्वरको अस्त्विमाथि विश्वास कसरी अड्न सक्थ्यो ।

अब म यत्तिकैमा कलम अड्याएर भन्दछु यो कविताले चाँडैनै प्रफुल्ल भएर आफनो परिमल दिगन्तसम्म फैलाएर नास्तिक वर्गको नाकलाई सुगन्धित पार्नेछ भन्ने आशाछ

पं. हरिहर शास्त्री

श्री

जय दुर्गे

हरिः शरणम्

गज स्तुति

मङ्गल्म पाउजन नी,
वीणा स्फटिक धारिणी ॥
पुस्तक् मयूरञ्जै तिम्रो,
वनूप्रियसघैं भरी ॥१॥
ग्राहले गजको पाऊ,
समात्ता अति आत्तिदै ॥
नाथलाई पुकारेर,
भन्दछन् यहिवाक्यनै १॥
आतुर्भयेको, म अनाथलाई,
इज्ञातिबन्धू, सवहातिआई,
छुटाउनू के, गरि नाथइन्ले,
शरण महापर्दछु दैवऐले॥२॥
योकाल सपैं, भनि झस्कियेर,
जो जोडले धाउँछ नाथनेर ॥
त्यस्ताशरणमा, पनि लीनयोग्य,
भक्तै जनैको, सव दुःखभोग्य ॥३॥

नाशेर आफ्नो, पनि साथलीने,
हरी छ सबको सबदुःख हर्ने ॥

यस्तो मनैमा स्थिर खुब गरेर,
गजेन्द्रजोले अति आत्तियेर ॥
त्योपूर्वको नै जुनिमा गरेको,
अत्यन्त योग्य प्रभुको स्तुतो यो ॥१॥
संझेर खाली प्रभुलाई मात्र,
रोयेर गर्छन्, वनिधेर आर्त ॥

गजेन्द्र भन्दछन्

जोचेतना रूप हुँदात फेरी,
संसार यो, चेतन उत्नी खेरी ॥
योदृश्य सबको, पनि आदिकारण,
ईश्वर्प्रभो, गर्दछु आजवन्दन् ॥२॥
यो विश्वजस्मा जसवाट हुन्छ,
जस्लेत संसार स्वरूप वन्छ ॥
यो विश्वदेखी पनि जोछुटाहा,
यो जीव भन्दा अति जोछगाहा ॥३॥

त्यस्तोस्वयंभू, प्रभुको शरणमा,
पर्छू अहोले, अति आत्तिदामा॥
आफ्नी ति माया तिनले रचेको,
कही प्रकाशको कहि गुप्तरूपको ॥४॥
दुवै अवस्था विच साक्षिपन्ले,
रहेरहेनैं सबकार्य जस्ले ॥
यो कार्यनाशै, दुइकोत द्रष्टा,
तेस्ता हरीले गर आज रक्षा ॥५॥
इन्द्रादि दिक्पाल सब नाशियेर,
यो विश्वनैकालमहा परेर ॥
सारै तमोरूपसब वाकिहुँदा,
तेस्देखि पारै रहनैत जांदा ॥६॥
सकिन्न जान्नै ऋषिदेवताले,
हामीहरूले कसरी त जान्ने ॥
जस्तो नटूवाहरूले अनेक,
स्वरूप लींदा कसले त चिन्छ ॥७॥
सकिन्न भन्नै जसको चरित्र,
रक्षा म हू दुर्गमले पवित्र ॥
जसको सुमङ्गलपद हेर्नलाई,
संसारको सङ्ग सबै छुटाई ॥८॥

घुम्छन्मुनीश्वर्वनमा वसेका,
तेस्तो हरीन गतिदिव्य मेरा ॥
नांरूप कत्ती अनि जन्मकर्म,
गुणदोष आदीहरू देखिभिन्न ॥९॥
छौतापनी यो सवविश्वलाई,
रचेर नाश्ने गरछौनि खाली ॥
आफ्नी तिमायालिइ जन्मकर्म,
गर्ने प्रभूमा शिरले प्रणाम ॥१०॥
यस्तै भएतापनि पण्डितैले,
त्यो शुद्ध कर्मफल त्यागनाले ॥
पाइन्छ जोनाथ् प्रभु मोक्ष धाम,
लाई म गर्छू शिरले प्रणाम ॥११॥
मोक्षैहरूको सव सौख्य भोग्ने,
हरे हजूरों मछु पाउपर्ने ॥
विडम्वगर्ने गुण धर्मखाली,
जसदेखि उत्तं अरू छैन कोइ ॥१२॥
त्यो शान्त रूपको अनि घोररूपको,
त्योमूढरूपको अतिज्ञान रूपको ॥
त्यो साम्यरूपको प्रभुलाइ खाली,
गर्छु नमस्कार्शिर यो झुकाई ॥१३॥

स्वामी सबैको परमात्मरूप,
जीवस्वरूपी सबसाक्षिरूप ॥
त्यो पूर्णरूपी अतिहेतु रूप,
लाई नमस्कार छ धेरखूप ॥ १४ ॥
इ इन्द्रियैंकाविषयै जतोहून,
द्रष्ट्रा सबैको प्रभुलाइ भन्छन् ॥
स्पर्शादिवृत्तीहरूको त हेतु,
असत्य देखीपनि जो छ मेतु१ ॥१५॥
जस्तै त छायाँहरू देखिदा मा,
वस्तू यहीहो भनि जान्नमहां ॥
सकिन्छ तेस्ता प्रभुनाथलाई,
विन्तीमगर्छू शिरयो नुहाई ॥१६॥
हेतू सबैको अनि आफु चाही,
कारण नभै अद्भुतकार्यसाक्षी ॥
जस्तो नदीले ति समुद्रलाई,
प्राप्तैतगर्छन् अति वेग वहाई ॥ १७॥
तेस्तैगरी वेद र पाञ्चरात्र,
प्रभोहजूर्मा पुगिहुन्छ शान्त ॥

---

१ यस्तै भनी अनुमान गर्न सकिने

मोक्ष स्वरूपो अति उत्तमैमा,
गर्छू नमस्कार शिरले उनैमा ॥१८॥
काठ्रूपगुणूझैं भइ ढोकिएको,
चैतन्य आगो भइ आफुजोहो ॥
प्रपञ्चो ति गुणूहरूको त कार्यमा,
व्याप्तैहुने चेतन रूप सब्मा ॥१९॥
यो आत्म तत्त्वै अनुभवहरूमा,
खाली भएका जति शास्त्र सबमा ॥
आफ्नै प्रकाशले रहने हजूर,
लाई नमस्कार छ धेर धेर ॥ २० ॥
जतीमजस्ता पशुछन्प्रपन्न,
अज्ञान पाशो तिनको त काट्न ॥
मुक्तैस्वरूपो करूणा निधान,
आलस्यले हीन सुधासमान ॥२१॥
जो अन्तरात्मा मनमा झलक्क,
ईजीव सबमा हुकुमी समर्थ ॥
संपूर्ण वस्तूहरुमा त टम्म,
हुनेप्रभुका पदमा प्रणाम ॥२२॥
सर्वान्तरात्मा प्रभुनै भयपनि,
स्त्रीपुत्र देहादि वृथाभिमानी ॥

जोमोहमा मग्न भई रहन्छन्,
तिन्लेकहिल्य पनि पाउदैनन् ॥२३॥
निर्गुण भयेतापनि कार्य गर्नै,
समर्थ आत्मा स्वरूपहूने ॥
योदेहमा क्यै प्रियन नगर्नै,
तेस्ताजनले अनुभव गरीने ॥२४॥
इश्वर्प्रभूमा मत एक खाली,
गर्छू नमस्कार्शिर योझुकाई ॥
धर्मार्थ मोक्षै स्वकामनाले,
युक्तै भयेरै तनमन्दिनाले ॥२५॥
मन्ले रचेको स्वका मनाको,
भन्दा विशेष्ले फल धेर्दिनेजो ॥
दयालु सारै हरिरूप देखीं,
मुक्तै मद्दूं यो अति दुखदेखीं ॥२६॥
हजूर बाहेक कुनै विशेषले,
जान्दैन जान्ने प्रभुका स्वजन्ले ॥
सबैकुराको फल आश मूल्य,
छोडीहजूर्को यशकीर्ति तुल्य ॥२७॥
कथासमुद्र विच खूवडूवी,
गायेरमस्तै, वनने तिकोई ॥

आनन्दको रस्कन खुपचाटी,
मिल्छन्हजूर्मा सब दुःखछाडी ॥२८॥
अनन्तरूपी सब व्याप्त आद्य,
खालीछ आध्यात्मिक योगवाद्य ॥
अव्यक्तरूपी सब आत्मसाक्षी,
स्तुतीमगर्छू, सुनिदेउ यत्ती ॥२९॥
एकांशलेनै सब ई चराचर,
ब्रह्मादि देवता सबमा वराबर ॥
नांरूपको भेद गरेर खाली,
सर्वत्र आफैंरहनेनि फेरी ॥३०॥
जस्तै ति अग्नी अनि सूर्यवाट,
ज्वाला र कान्ती खुपफैंलिदात ॥
तेस्तैइगुणका मन बुद्धिद्वारा
शरीरकार्यै उतपन्नहूँदा ॥३१॥
आखीरफेरी उहिलीनहुन्छन्,
तेस्तै इकार्य जसवाट वन्छन् ॥
नस्त्रीनपुंसक नपुरूष मर्त्य,
पक्षी न जन्तू नतदेव दैत्य ॥३२

नसत्नकमैं नतव्हौ असत्नै,
निषेध गर्दा सबदेखि भिन्नै ॥
रहन्छ वाँकी सबको पछाडी,
प्रकट हवस्त्यै अहीले अगाडी ॥३३॥
बाचूं म भन्ने पनि योत इच्छा,
उठतैन कत्ती अहिलेत ज्यादा ॥
बाहीर भित्रै जसले त ढाक्ता,
जानिन्न कत्तीं अति मोहपर्दा ॥३४॥
तेस्तो त जीवन्पनि हातिमायो,
वांचेर हुन्छू अनि फेरि केपो ॥
यो आत्मको ज्ञान्पनि ढाकछ जस्ले,
तेस्देखि मोक्षै यहि माग्छु ऐले ॥३५॥
जो विश्वरूप त्यसदेखि भिन्न,
हुतापनि ऊ सब सृष्टिगर्न ॥
संसार घन्नै संग मालिएका,
यो विश्व आत्मा निजनै बनेका ॥३६॥
ब्रह्मस्वरूपी पद श्रेष्ठलाई,
गर्छू नमस्कार शिर योनुहाई ॥

त्यो योग द्वारा सबकर्म पोली,
त्यै योगले नै मनशुद्धधोई ॥३७॥
तियोगिजन्ले जसलाई भज्छन्,
समाधि द्वारा जसलाई देख्छन् ॥
उनै प्रभूमा मतएक खाली,
गर्छू नमस्कार्शिर योझुकाई ॥३८॥
सहीन सक्नू इनिलो भक्रोध,
उत्साह मन्त्र प्रभु शक्ति जोड्ड ॥
इनीहरूले जवयुक्त हुन्छन्,
योगैहरू जो अनिकेत हुन्छन् ॥३९॥
इ इन्द्रियैका गुणलेत देख्ने,
प्रपन्न भक्तै हरुलाई पाल्ने ॥
असत्छई सबजसको त इन्द्रियै,
तेस्ता जनैको अति दूरटाढे ॥४०॥
अगम्य सारै प्रभुनाथलाई,
गर्छु नमस्कार्शिर यो झुकाई
जस्की ति माया तिनले गरेर,
जान्दैन कत्ती मति नाशियेर ॥४१॥
महात्म्य जस्को कठिनै त बुझ्छू,
उनै प्रभूको मतपाऊपर्छू ॥

कुनै तिदेवताहरुको विशेष,
गरेन गज्ले स्तुतिमा हमेश ॥४२॥

हरेक किसिका अवतारविशेष्ले,
ब्रह्मादि जोहुन्सब देवताले ॥
दर्शन्दिये नन्जब तो सुरैले,
संपूर्ण देवाश्रयनै हरीले ॥४३॥

प्रपन्न गज्को स्तुतियो सुनेर,
गरूडमानै झटपट् वसेर ॥
स्तुतीतगर्नै सबदेवताले,
संयुक्त संसार निवास वान्ले ॥४४॥

दुःखीभयेका ति गजेन्द्रलाई,
देखेर सारै अतिहडबडाई ॥
जहाँथिये गज तिहिजानलाई,
हातै महाचक्रलिई उजाई ॥४५॥
खालीं १ पयर्ले पतगेन्द्रमाहा,
सबाहुने श्रीहरिलाई ताहां ॥

---

१ गजको पुकारा सुन्नासाथ पाउमा खराउर गरुडमा काठी केही पनि लागेन भन्ने कथा पुराणान्त रमार मूलमा पनि (सह स्रावतीर्य) यस्तो पाठ भएकोले हतार्ले गर्दा लागेनछ ।

आतैंवनेकाति गजेन्द्रजीले,
आकाश विच्मा हरिलाई देखे ॥४३॥
सुंढले चढाई अनित्यो कमल्झन्
सारैकठिन्ले यहिवाक्य भन्छन ॥
जगत्गुरोहे भगवन् सर्वात्मन्,
नारायणैमा गरछू सवन्दन् ४७॥
गज्को अवस्था अति दुःखि देखी,
गरूडकोनै गति मन्दबूझी ॥
आकाश विच्मै झटपट्ट वर्ली,
चढायेको पङ्कज टप्पलीई. ॥४८॥
चक्रैचलाई त्यसलाई मारी,
त्योग्राहदेखो सहजै छुटाइ ॥
हेर्दाछ दाती सवदेवतानै,
गजेन्द्रलाई सरदेखि झट्टै॥४०॥
२ चारैतिहात्को पनि कामलीई,
उतारि वक्स्यो गजराजलाई ॥
स्पर्शैहुदामा भगवानकोनै
बन्धन्छुटीगो सव दुःखकोनै ॥५०॥

---

२ एकहातले चढाएको फुललीबक्स्यो अर्कोहातले चक्र चलाई अर्कोहातले गजलाई पाखामा झिकी शरीर अर्कोहातले सुमसुम्याई वकस्यो भन्ने कथा पुराणान्तर्माछ ।

पीताम्बरादी भुजचार युक्त,
भये तुरुन्तैसह यूज्यमुक्त ३ ॥
उसैवखत्मा शिव ब्रह्मआदी.
सवै सुरैले जय खुवमनाई ॥५१॥
वाजावजाये सवरङ्गको ताहां,
नाचेर गायेऋषि वृन्दले वहाँ ॥
सिद्ध हरूले स्तुति गर्न लागे,
तीं अप्सराले फुलछर्न थाले ॥५२॥

भगवान भन्नुहुन्छ

प्रियगज तिम्मिलेनै जोगन्यौ यो स्तुतीले,
उठिकनत सवेरै पाठगर्नेछ जस्ले ॥
तिनिहरु सवलाई प्राणजाने बखत्मा,
अतिशय शुभबुद्धी दिन्छु तीभक्तजन्मा ॥५३॥
ऐतिभनेर हरिले अतिहोई खूसी,
त्योपाञ्चजन्यकन जोडसितखूवफूकी ॥
साराति देवहरूको सव फौजलाई,
पारेर खूसि मनमा भइगो सवारी ॥५४॥

---

३ जय भन्ने भगवान्को पार्षद भये।

आत्मा बोधस्वै हटेर रहने,
गज्को पनी देहमा।
पूजा श्रीहरिको हुंदा अघि अती,
भैगोस्मरण हातिमा ॥
हेराजन गजमोक्ष कृष्णमहिमा,
भैले जती यों भने।
कीर्तिस्वर्ग दिने पढेर सुनदा,
दुःस्वप्नपाप् नाशने ॥५५॥

१हाईक्षुँ ठेसलाग्दोमा, अकस्मात् हरयेनमः ॥
जस्ले भन्छ चिच्याई, अति आर्त वनीकन ॥
उसै वखत्सवैपाप, पनि नाशभई कन ॥
प्रभुको पाउ पायेर, वस्छ मग्न भईकन ॥

---

१ पतित स्ख लितोवार्त छुत्वावा विव, शोवुवन् ॥
हरयेनम इत्युच्चैर्मुच्यते सर्व पातकात ॥
"भागवते"

॥शुभम्॥

श्रीः

श्रीगणेशायनमः

शिवा पराध क्षमापन स्तोत्र

पैल्हेका कर्मवस्ले मकन दुःखदियो पापले जोर्गरेर,
विण्मुत्रादी अशुद्ध जननीजठरमा जाठराग्नी वलेर ॥
दिने बाधाबहूतै यति छ दुःखतहां, भन्न सक्नेतकोभो;
माफी पाउँ मत्योपापू शिवशिवहे श्रीमहादेव शंभो ॥१॥

बालखमा दुःखसारैजिउभर गुहुभै, दूधको प्यास भारी ॥
शक्तिनै क्यै थियेन भवगुण जनित,जन्तुले टोकीमारी ॥
रुन्थें व्याधीहरूले दिक भइ शिवको संझनापो कहाँ भो,
माफी० ॥२॥

पुग्दा यौवन्दशामा विषय विषलिने पांचलेमर्मताकी–
डस्तागैगो विवेक सुतधन युवती सोखको स्वादचाखी ॥
शैवी चिन्ता हराई हृदय विच महां मान सेखीप्रवलभो–
माफी० ॥३॥

वृद्धावस्था जसैभो गति मति सव गो तापले इन्द्रियैको–
पाणीव्याधीहरूले भई शिथिलअती छैन तागत्शरीर्को ॥
झुटो मोहा भिलाष्मा घुमिमनशिवको ध्यान छोडीदिने भो–
माफी० ॥४॥

पद्पद् पिच्छे कठोरै अतिशय कसरो गर्नु त्योस्मात कर्म–
झन्केसक्थें म ब्रह्म विषयक चतुरो गर्न त्यो श्रौतधर्म ॥
जाने धम विचाल श्रवण मननको गर्नुके लौनशभो–
माफी० ॥५॥

प्रातःस्कालमा नगङ्गाजललिई शिवको स्नानलाई मआज्ञे
पूजाकानितिमानै दुखसहि कहिल्यै बेलका पत्रल्याज्ञे ॥
पञ्चै मालार चन्दनफुलहरू प्रभुका नितिल्याई न शंभो-
माफी० ॥६॥

चीनी दुध घ्युहरूले न तदहिमधुले स्नानमा चित्तलाज्ञे-
फुल्चन्दन्ले नपूजा गरिकन शिवकोलिङ्ग शोभित्गराज्ञे ॥
धुपदीप नैवेद्य कर्पूर्गरिकन कहिल्यै भक्तिलाई नशंभो-
माफी० ॥७॥

संझी मन्मा सदाशिव धनहरू कहिल्यै विप्रलाई दिईन-
वीजमन्त्रैले हजुर्को अनलविचमहाँ लक्षहोमै गरीन ॥
गङ्गातिर्मा नियंले तप पनि गरिन मन्त्र संझेर शंभो-
माफी० ॥८॥

स्थिरभै आसन्विचैमा प्रणवमय मरूत्कुण्डलै जो रहे को-
शान्तैरूप्को दवेको कमल अति असल ज्योतिरूपी भएको
वेदैका वाक्य महां नतघट बिचका शङ्करैकोस्मरण भो-
माफी० ॥९॥

नाङ्गोभै सङ्गछोडी तिनगुण सहितै मोहको नाशपारी-
टुप्पैमा नाशिकाको लगिकन ति नजर्ध्यान् गरी योनभारी॥
हेनाथ! गाढा बिचार्ले नतअति असलरूपको संझना भो-
माफी० ॥१०॥

गङ्गाधारी स्मरारि शङ्कर शशी शोभित्भयेका अनी-
सर्प शोभित कण्ठ नेत्रविचमा आगोउठेको पनि ॥
लुगा त्योगजचर्मको छ वढिया चौधै भुवनका धनी-
शंभुकोगर मुक्ति खातिर भजन्छोडी अरूकां पनि ॥११॥

घोडा हात्ती र राज्य धन्हरू सवै ऐश्वर्यले गर्नुके-
छोरामित्र कलत्र देह पशुघर्पायेरपो हुन्छके ॥
जानी त्यो सव थोक् अनि त्य मनले टाढै हटाई दिनू-
आफ्नैनींति सदालीई गुरुवचन् श्रीशंभुनै सेवनू ॥१२॥

देख्तैमा विति जान्छ आयु दिन दिन यौवन उसै चालले
फर्की त्यो दिन आउँदैन कहिल्यै खायो जगत्कालले ॥
जल्को छाल समान चञ्चल धन विद्युत्सरी जीवन
रक्षा गर्नु पन्यो प्रभो म त शरण पर्छु गरी वन्दन ॥१३॥

कर चरण वचन्ले कर्मले देहले यो,
श्रवण नयन मन्ले पाप जो जो गरियो ॥
अविहित विवाहितादी पाउँ लौ माफ शंभो,
जय जय करुणाकर् श्री महादेव शंभो ॥

॥ शुभम् ॥

आर्तजीवउवाच,

पापःखलोऽहमिति नार्हसिमांविहातुं-
किंरक्षयाकृतमते र कुतो भयस्य ॥
यस्मादसाधुर धमोऽहमपुण्यकर्मा
तस्मांत्त्वास्मिसुतरामनुकम्पनीयः ।१।
स्वैरेवयद्यपि गतोऽहमधः कुकृत्यै-
स्तत्रापिनाथ ! नतवास्म्यवलेपपात्रम् ॥
दृप्तःपशुःपतितिय स्वयःमन्धकूपे,
नोपेक्षतेतमपिकारुणि कोहिलोकः ।२।
निष्कर्णएषःकुसृतिर्व्यसनीद्विजिव्हो,
मत्वेति चेत्त्यजसिनि;शरणं प्रभोमाम् ॥
एतादृशोऽपिपवनाशन एषकस्मा-
च्छ्वीकपठकपठ पुलिनेभवता गृहीतः ।३।
जिव्हासहस्रयुगलेन पुरास्तुतस्त्व-
मेतेनतेन यदितिष्टतिकपठपीठे ॥
एकैवमेतवनुतौरस नास्ततेन,
स्थानंमहेश! भवदंघ्रितलेममास्तु ।४।
भृङ्गीविवेकरहितः पशुरुन्मदोऽयं-
मत्वेतिचेत्परिहरस्यतिकातरंमाम् ॥
एवंविधोऽपिवृषभध्वरणार्पणेन
नीतस्त्वयाकथमनुग्रहभाजनत्वम् ।५।

पृष्ठेभवन्तमयमुद्वहतेकदाचि-
देतावतायदि तवैतिदयास्यस्पदत्वम् ॥
स्वामिन्नहंतु हृदयेऽन्वहमुद्वहामि
त्वामित्यतःकथमहोनतवानुकम्प्यः ।६।
तावत्प्रसीदकुरुनःकरुणामनन्द-
माक्रन्दमिन्दुधर ! मर्षयमाविहासो ॥
ब्रूहित्वमेवभगवन्करुणार्णवेन,
त्यक्तात्वयाकमपरंशरणं व्रजामः ।७।
तर्ह्यर्चनान्तसमयेतवपाद पीठ
मालिङ्ग्यनिर्भरमभङ्गुर भक्तिभाजः ॥
निद्रामिषेण विनिमीलितलोचनस्य
प्राणाःप्रयान्तुममनाथतवप्रसादात् ।८।
आःकिंनरक्षसि नयत्ययमन्तकोमां-
हेलावलेपसमयः किमयंमहेश ! ॥
मानामभूत्करुणया हृदयस्यपीडा
व्रीडापिनास्तिशरणागत मुज्झतस्ते ।९।
इत्यादि मूढ इव निष्ठुर दुष्टभाषी
यत्किञ्चन ग्रह गृहीत इवास्तशङ्कः ॥
आर्त्यामुहुर्मुहुर युक्त मपि ब्रवीमि
तत्रापिनिष्कृप ! भिनत्सिनमौनमुद्राम् ॥१०॥

सर्वज्ञशम्भुशिवशङ्करविश्वनाथ
भृत्युञ्जयेश्वरमृडप्रभृतीनिदेव !
नामानितेऽन्यविषयेफलवन्ति किन्तु
त्वंस्थाणुरेवभगवन्! मयिमन्दभाग्ये॥११

श्री कुसुमाञ्जलितः उद्धिताः श्लोकाः

॥शुभम्॥

मिथ्या तर्क सुकर्कशेरितमहावादान्धकारान्तर-
भ्राम्यन्मन्दमतेर मन्दमहिमंस्त्वज्ञात वर्त्माऽस्फुटम् ॥
श्री मन्मा!धववामन! त्रिनयन! श्री शङ्कर! श्रीपते!,
गोविन्देतिमुदावदन्मधुपते ! मुक्तः कदास्या महम्? ॥

वेदस्तुतौ श्रीधरस्वामी

यत्कृत्यं तन्नकृतं, यदकृत्यं तत्कृत्य वदाचरितम् ॥
उभयोः प्रायश्चित्तं, शिवतवनामाऽक्षरद्वयोश्चरितम् ॥
कोटयो ब्रह्महत्यानामगम्यागमकोटयः ॥
सद्यः प्रलयमायान्ति महादेवेतिकीर्तनात ॥

लोपामुद्रापतिः

ईक्षन्तामिच्छयासन्तः क्षमन्तांममसाहसम् ॥
मयाहिस्वीयबोधायकृतमेतन्नसर्वतः ॥१॥

कृष्ण, रेग्मी

यस्मा भएको भुल-चूक जत्ति
माफी म पाउँ सब भक्त देखि ॥

= समाप्त =



9

वाल्मीकिविद्यापीठपुस्तकालयः

प्रत्यावर्तनतिथिः

ملک